

# नेपालबाट हुने हजयात्रा व्यवस्थापन; संक्षिप्त जानकारी




यस संकेतले दुई संगठन बिच अनौपचारिक रूपमा समन्वय र सहजीकरण हुने अवस्था बुझाउनेछ।
यस संकेतले दुई संगठन बिच औपचारिक रूपमा निर्देशन, समन्वय र सहजीकरण हुने अवस्था बुझाउनेछ।

नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल हज समितिको सचिवालय**
सिंहदरबार

# Hajj Management; Context of Nepal




The symbol exhibits the situation of informal direction, coordination and facilitation between two organizations.
The symbol exhibits the situation of formal direction, coordination and facilitation between two organizations.

Government of Nepal
Ministry of Home Affairs
**Secretariat of Nepal Hajj Committee**
Singhadurbar, Kathmandu

# नेपालबाट हुने हजयात्रा व्यवस्थापन;

# संक्षिप्त जानकारी

नेपाल सरकार

गृह मन्त्रालय

**नेपाल हज समितिको सचिवालय**

सिंहदरबार

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समिति

पत्र संख्याः
चलानी नं.:

सिंहदरबार
काठमाडौं, नेपाल

## मन्तव्य

हजयात्रा व्यवस्थापनसम्बन्धी विद्यमान कानुनी व्यवस्था, संस्थागत स्मरण तथा अभ्यास समेतका आधारमा नेपालबाट हुने हजयात्रा व्यवस्थापनसम्बन्धी मुख्य मुख्य विषयहरूलाई अंग्रेजी भाषामा अनुवाद गरी यो पुस्तिका तयार गरिएको छ।

यो पुस्तिका नेपालबाट गरिने हजयात्रा र सो सम्बन्धी प्रक्रियाका बारेमा जानकारी राख्न चाहने देश तथा विदेशमा रहेका सरोकारवालाहरूको भाषागत सहजताका लागि सहयोगी हुनेछ। जसबाट नेपालको हज व्यवस्थापन प्रक्रियाका बारेमा जानकारी भई यसलाई आगामी दिनमा अझ व्यवस्थित गर्न तथा अन्तर्राष्ट्रिय अभ्यास अनुकूल बनाउनका लागि पृष्ठपोषण प्राप्त गर्न समेत सहज हुनेछ।

अन्त्यमा यो पुस्तिका तयारीको लागि नेपाल हज समितिका सदस्य सचिव लगायत सचिवालयका सम्पूर्ण कर्मचारीहरू प्रति आभार व्यक्त गर्दछु।

शमसेर मियाँ
अध्यक्ष
नेपाल हज समिति

फोन नं.: ०१-४२१११०४, ४२१११७२, इमेलः nepalhaj@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समितिको सचिवालय
सिंहदरबार
काठमाडौं, नेपाल


पत्र संख्याः
चलानी नं.ः

## मन्तव्य

हजयात्रा विश्वव्यापी रूपमा हुने धार्मिक कार्य भएका कारण नेपालको हज व्यवस्थापन प्रक्रियाका बारेमा समेत जानकारी प्राप्त गर्न विभिन्न देशका हजयात्रा व्यवस्थापन गर्ने निकाय तथा नागरिकहरूबाट अनुरोध हुने गरेको सम्बन्धमा नेपालबाट हुने हजयात्रा व्यवस्थापन सम्बन्धी प्रक्रिया, संलग्न निकाय तथा कार्यजिम्मेवारी, हजयात्रु छनोटका आधार, शुल्क निर्धारणका आधार तथा शुल्क संरचना लगायतका विषयवस्तुहरूलाई अंग्रेजी भाषामा समेत अनुवाद गरी यो पुस्तिका प्रकाशन गरिएको छ।

यस पुस्तिकाले नेपालको हज व्यवस्थापन सम्बन्धी विषयहरूका बारेमा जानकारी राख्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय तथा सरोकारवालाहरू साथै हज सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासहरूको तुलनात्मक अध्ययन गर्न चाहने अनुसन्धानकर्ता/अध्ययनकर्ताहरूको लागि समेत सन्दर्भ सामग्रीको रूपमा उपयोगी हुने अपेक्षा गरेको छु।

अन्त्यमा यस पुस्तिका तयारीको क्रममा सहयोग गर्नुहुने गृह मन्त्रालय तथा नेपाल हज समितिको सचिवालयका कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

कृष्ण पौडेल
सदस्य सचिव/नेपाल हज समिति
तथा
उपसचिव/गृह मन्त्रालय

# विषयसूची


| | |
|---|---|
| परिचय | १ |
| नेपाल हज समिति र कार्यजिम्मेवारी | ३ |
| नेपाल हज समितिको सचिवालय र जिम्मेवारी | ४ |
| हजयात्रा व्यवस्थापन | ५ |
| हज व्यवस्थापनसँग सम्बन्धित निकाय /पदाधिकारी र मुख्य मुख्य भूमिका | ७ |
| हज यात्रु छनौटको आधार | १२ |
| हज शुल्क व्यवस्थापन | १३ |

# परिचय

## हज

इस्लाम धर्मका पाँच आधारस्तम्भहरू मध्ये हज एक हो। पाँच आधारस्तम्भहरू **इमान** (**आस्था**), **नमाज** (**प्रार्थना**), **रोजा** (**व्रत**), **जकात** (**दान**) **र हज** (**तीर्थ**) हुन्। हज शब्दको अर्थ "**धार्मिक यात्रा गर्ने सोच**" भन्ने हुन्छ। इमान, नमाज र रोजा यी तीन कार्यहरू सम्पूर्ण इस्लाम धर्मावलम्बीहरूको लागि अनिवार्य शर्त हो भने वर्षमा एक पटक जकात र जीवनमा एक पटक हज आर्थिकरूपमा सक्षम व्यक्तिको लागि मात्र अनिवार्य हो। जुन व्यक्तिले हजयात्राका लागि आवश्यक खर्च सहज तवरले जुटाउन सक्छ त्यस्तो व्यक्तिका लागि मात्र हज अनिवार्य हुनेछ। हजयात्रालाई विश्वकै सबैभन्दा ठूलो धार्मिक भेलाको रूपमा लिइन्छ।

इस्वी सम्वत्, विक्रम सम्वत् र नेपाल सम्वत् जस्तै इस्लाम धर्मावलम्बीहरूको छुट्टै पात्रो हिजरी सम्वत्को १२ औं महिना जिल्हिज्जा हो। उक्त महिनामा विश्वभरबाट इस्लाम धर्मावलम्बीहरू हजका लागि साउदी अरबको मक्का जाने गर्दछन्। मक्का र मदिना ऐतिहासिक तथा पवित्र सहर हुन्। मक्कामा इस्लाम धर्मका अन्तिम सन्देष्टा हजरत मोहम्मद सल्लल्लाहु अलैहिवस्सल्लमको जन्म भएको हो र मदिना उनको कब्रस्तान (समाधिस्थल) हो। इफराद, किरान र तमत्तोअ  गरी हज ३ प्रकारका हुन्छन्। जसमध्ये नेपालीहरूले तमत्तोअ हज गर्दछन्।

## हज अवधि

इस्लाम धर्म तथा हज सम्बन्धी मान्यता अनुसार हिजरी सम्वतको १२ औं महिना जिलहिज्जाको ८ देखि १२ तारिख सम्म ५ दिन मात्र हज गरिने भएतापनि मदिना लगायतका धार्मिक स्थलहरूको समेत भ्रमण गरिने भएका कारण नेपालबाट हुने हजयात्राको अवधि करिव ४५ दिन सम्मको हुने गर्दछ।

नेपालबाट हुने हजयात्रा व्यवस्थापन कार्य सामान्यतः मंसिर महिनाबाट सुरु हुन्छ। साउदी अरब सरकारको हज तथा उमरा मन्त्रालय र नेपाल सरकार गृह मन्त्रालय बिच हुने सम्झौताका आधारमा प्राप्त कोटा तथा प्रक्रिया अनुसार हजयात्राको व्यवस्थापन कार्य सञ्चालन हुने गर्दछ।

## नेपालमा हजको अभ्यास

नेपालमा वि.स. २०२१ बाट आधिकारिक रूपमा हज समिति गठन गरी समितिका पदाधिकारीहरूको नेतृत्वमा भारतको बम्वईबाट पानी जहाज मार्फत हजयात्रा गर्ने गरिएको

अभिलेखमा भेटिएको छ। वि.स.२०६६ सालमा हजयात्रालाई अज व्यवस्थित र मर्यादित बनाउन हज केन्द्रीय हज समिति कार्यविधि,२०६६ तर्जुमा गरिएको पाइन्छ। सो अगाडि हज समिति गठन तथा सञ्चालनका लागि छुट्टै कार्यविधि नभई केवल हजका समयमा मात्र पदाधिकारीहरू नियुक्ति गरी जिम्मेवारी दिइने गरिएको पाइन्छ। हाल नेपाल हज समितिको सञ्चालन तथा व्यवस्थापन नेपाल हज समिति कार्यविधि २०७२ अनुसार हुने गरेको छ।

नेपालबाट हुने हजयात्रा सम्बन्धमा हजयात्रुको आवेदन संकलन,छनोट, यात्रा व्यवस्थापन लगायत सम्पूर्ण कार्यहरू नेपाल हज समितिबाट हुने गर्दछ। हजयात्राको लागि हुने कोटा निर्धारण देशको इस्लाम धर्म मान्ने जनसंख्याका आधारमा गर्ने गरिन्छ। साउदी अरब सरकारको नियम अनुसार सामान्यत कुनैपनि देशमा इस्लाम धर्म मान्ने जनसंख्याको ०.१ प्रतिशत कोटा त्यस देशको लागि निर्धारण गर्ने गरिन्छ। कोटा प्राप्ति तथा परिचालन सम्बन्धमा साउदी अरब सरकारको हज तथा उमरा मन्त्रालय र नेपाल सरकार गृह मन्त्रालयबिच वार्षिक रूपमा लिखित सम्झौता हुने गर्दछ। सन २०१९ मा १५०० हजयात्रुहरूले हज गर्ने अवसर प्राप्त गरेको देखिन्छ।

## उमरा यात्रा व्यवस्थापन

आफ्नो अनुकूलतामा जुनसुकै समयमा साउदी अरबको पवित्र धार्मिक स्थल मक्का गई गरिने धार्मिक कार्य नै उमरा हो। नेपालबाट हुने उमरा यात्रा व्यवस्थापन गर्ने कार्य समेत नेपाल हज समितिको कार्यक्षेत्रभित्र रहेको छ। नेपालबाट हुने हजयात्रा हाल निजी क्षेत्रबाट हुदै आएको छ। आगामी दिनमा उमरा यात्रालाई व्यवस्थित र प्रभावकारी बनाउन सेवाप्रदायक ट्राभल्स एजेन्सी तथा कम्पनीहरू नेपाल हज समितिमा सूचीकृत हुनुपर्ने, नेपाल हज समितिबाट जारी निर्देशनको पूर्ण परिपालना गर्नुपर्ने लगायत नेपाल हज समिति तथा सचिवालय उपर जवाफदेही हुनुपर्ने गरी नियमन तथा व्यवस्थापन गर्ने कार्य अगाडि बढेको छ।

## नेपाल हज समिति र कार्यजिम्मेवारी

## नेपाल हज समिति संरचना

नेपाल हज समिति नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको छ। नेपाल हज समिति ३१ जनाको हुने व्यवस्था छ। समितिमा इस्लाम धर्म तथा हजयात्राका बारेमा विज्ञ व्यक्तिहरू एवं मस्जिद तथा इस्लाम धर्म सम्बन्धी संघ सँगठनको प्रतिनिधिहरूमध्येबाट अध्यक्ष सहित २६ जना सदस्यहरू नियुक्त हुने व्यवस्था छ। समितिमा नेपाल सरकार परराष्ट्र मन्त्रालय,अर्थ मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय बाट १/१ जना उपसचिवस्तर सदस्य र गृह मन्त्रालयको उपसचिव सदस्य सचिव रहने र समितिको पदावधि २ वर्षको हुने व्यवस्था रहेको छ।

## नेपाल हज समितिको कार्यजिम्मेवारी

नेपाल हज समिति कार्यविधि २०७२ अनुसार नेपाल हज समितिको  काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

१. हज र उमरायात्रा सम्बन्धमा सूचनाहरू सङ्कलन गर्ने, आवश्यक नीति र कार्ययोजनाहरू बनाउने तथा त्यसको कार्यान्वयन गर्ने ।

२. हज र उमरा यात्रुहरूको कोटा निर्धारण र यात्रु व्यवस्थापन सम्बन्धमा साउदी अरब सरकारसँग प्रत्येक वर्ष गर्नुपर्ने हजसम्बन्धी सम्झौता सम्पन्न गर्न आवश्यक कार्य गर्ने, गराउने ।

३. हज र उमरा यात्राको लागि सूचना आह्वान गर्ने, हजयात्रामा लाग्ने कूल खर्च एकिन गर्ने र यसको प्रचार प्रसार राष्ट्रियस्तरमा गरेर आवेदन फारम र लाग्ने रकम जिल्ला प्रशासन कार्यालयहरू मार्फत सङ्कलन गर्ने ।

४. प्राप्त कोटाको आधारमा हजयात्रुहरूको छनोट गर्ने ।

५. हज र उमरायात्रुहरूको प्रवेशाज्ञा एवं साउदी अरबको मक्का मदिनामा आवासको व्यवस्था मिलाउन आवश्यक सहयोग गर्ने ।

६. समितिको लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गरी मन्त्रालयमा स्वीकृतिको निमित्त पठाउने ।

७. हज र उमरायात्रीको टोलीमा चिकित्सक सहितको टोली समावेश गर्ने ।

८. हज र उमरा यात्रीहरूको रेखदेख र व्यवस्थापनको लागि हज प्रतिनिधिमण्डल पठाउने ।

९. हज र उमरायात्रीहरूको हज वा उमरा यात्रा सहज बनाउन आवश्यक अभिमुखीकरण, गोष्ठी, तालिम आदि संचालन गर्ने र जानकारीमूलक पुस्तिका, पम्पँलेट, ब्रोसर आदि प्रकाशित गर्ने ।

१०. प्रस्थानको समयमा हजयात्रुहरूको स्वास्थ्य जाँच, खोप र विदेशी मुद्रा सटही सम्बन्धमा आवश्यक सहयोग र समन्वय गर्ने ।

११. हज र उमरा गृह निर्माणको लागि आवश्यक साधन स्रोत जुटाई आवश्यक कार्य अघि बढाउने ।

१२. हज र उमरायात्री, समितिका सदस्यहरू र हज प्रतिनिधिमण्डलका सदस्यहरूको लागि आचारसंहिता तयार गरी लागु गर्ने ।

१३. हज र उमरा यात्रा सम्बन्धी कामलाई व्यवस्थित बनाउन आवश्यक अन्य काम गर्ने ।

## नेपाल हज समितिको सचिवालय र जिम्मेवारी

### नेपाल हज समितिको सचिवालय संरचना

नेपाल हज समितिले गरेको निर्णय कार्यान्वयन गर्ने र नेपाल हज समितिको कोष परिचालन गर्ने मुख्य जिम्मेवारी सम्पादनका लागि नेपाल हज समितिको सचिवालय रहने व्यवस्था छ। सचिवालयको प्रशासनिक नेतृत्व नेपाल सरकार गृह मन्त्रालयको उपसचिवस्तर (रा.प.द्वि श्रेणी, नेपाल प्रशासन सेवा,सामान्य प्रशासन)ले गर्ने व्यवस्था रहेको छ। सचिवालयमा शाखा अधिकृत-१, लेखापाल-१, नायब सुब्बा-१, कम्प्युटर अपरेटर-१, ह.स.चा.-२ र कार्यालय सहयोगी-२ जना रहने व्यवस्था छ। हज व्यवस्थापन कार्यमा थप जनशक्ति आवश्यक परेमा गृह मन्त्रालयबाट आवश्यक जनशक्ति उपलब्ध हुने गरेको छ।

### नेपाल हज समितिको सचिवालयको कार्यजिम्मेवारी

१. नेपाल हज समितिको वैठक सञ्चालन तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

२. हजयात्रा व्यवस्थापन सम्बन्धमा सम्बद्ध निकायहरूसँग समन्वय गर्ने।

३. नेपाल हज समितिको सचिवालयका लागि विनियोजित वार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयन गर्ने।

४. हजयात्रुहरूको लागि भिषा व्यवस्थापनमा सहजीकरण गर्ने तथा मक्का मदिनामा हुने समग्र व्यवस्थापन कार्यको अनुगमन गर्ने।

५. हजयात्रा सम्बन्धी जानकारी तथा सूचना स्रोतकेन्द्रको रूपमा सचिवालयलाई विकास गर्ने।

६. हजयात्रा व्यवस्थापन सम्बन्धी विषयमा जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयहरू तथा हजयात्रीहरूको लागि अभिमुखीकरण गर्ने।

७. हज प्रतिनिधि मण्डलबाट समयमा नै प्रतिवेदन लिई नेपाल हज समितिमा पेस गर्ने। हज व्यवस्थापनको प्रगति, खर्चको विवरण, व्यवस्थापन प्रक्रियामा देखिएका समस्या र चुनौतीहरू तथा सुधार गर्नुपर्ने कुराहरू समावेश गरी सुझाव सहितको एकीकृत प्रतिवेदन नेपाल हज समितिबाट निर्णय गराई गृह मन्त्रालयमा पेस गर्ने।

८. नेपाल हज समितिको नाममा रहेको कोष परिचालन गर्ने। उक्त कोषको नियमानुसार लेखापरीक्षण गराउने साथै लेखापरीक्षणले औँल्याए अनुसारका सुझावहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्ने।

९. हजयात्रीको रूपमा छनोट हुन नसकेका आवेदकहरूको शुल्क रकम जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयको सिफारिस अनुसार फिर्ता गर्ने।

१०. सचिवालयबाट सम्पादित गतिविधिहरूको अभिलेख सुरक्षित राख्ने।

११. हजयात्रा व्यवस्थापन सम्बन्धी गतिविधिहरू चुस्त, दुरुस्त, मितव्ययी र पारदर्शीरूपमा सञ्चालन गर्ने।

# हजयात्रा व्यवस्थापन

## (संलग्न निकाय/पदाधिकारीहरूको जिम्मेवारी, हजयात्रु छनोट तथा शुल्क निर्धारण प्रक्रिया)


### हज सूचना व्यवस्थापन प्रणाली विकास तथा सञ्चालन

हजयात्राका लागि आवेदन संकलन, विश्लेषण, छनोट सम्बन्धी सम्पूर्ण कार्यहरू पूर्णत विद्युतीय प्रणालीमा आबद्ध हुने एवम् Online माध्यमबाट आवेदन गर्न सकिने सुविधा सहित हज व्यवस्थापन सूचना प्रणाली (Hajj Management Information System–HMIS) विकास गरिएको छ। उक्त प्रणाली मार्फत हजयात्राको आवेदन दिएका तथा छनोट भएका व्यक्तिहरूलाई प्रवाह गर्नुपर्ने आवश्यक सूचनाहरू समेत मोवाइल SMS मार्फत प्रवाह हुने व्यवस्था मिलाइएको छ। जसबाट सम्बन्धित नागरिकहरूलाई हजयात्रा व्यवस्थापन प्रक्रियाको सूचना समयमै प्राप्ति हुने अवस्था सिर्जना हुनेछ।

उक्त प्रणालीको सञ्चालन इस्लाम धर्मावलम्बीहरूको बाहुल्यता भएका जिल्लाका जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयहरूबाट समेत सञ्चालन गरिने भएकोले सम्बन्धित कार्यालयका कर्मचारीहरूको लागि क्षमता विकास समेत गरिएको छ। यस प्रणालीलाई सन् २०२२ मा हुने हजयात्राबाट प्रारम्भ गरिनेछ।

**नेपाल हज समितिको सचिवालयबाट सम्पादन हुने हज व्यवस्थापन कार्यको कार्यसञ्चालन कार्यप्रवाह (Functional Workflow) र सँगठनात्मक कार्यप्रवाह (Structural Workflow)**


**संरचनात्मक कार्यप्रवाह (Structural workflow):** हजयात्रा व्यवस्थापन कार्यमा संलग्न निकायहरूको संरचनात्मक कार्यप्रवाह निम्नानुसार हुनेछ। सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्यसम्पादन गरिन्छ।




यस संकेतले दुई संगठन बिच अनौपचारिक रूपमा समन्वय र सहजीकरण हुने अवस्था बुझाउनेछ।

यस संकेतले दुई संगठन बिच औपचारिक रूपमा निर्देशन, समन्वय र सहजीकरण हुने अवस्था बुझाउनेछ।

**हजयात्रासम्बन्धी कार्यहरूको कार्यमूलक कार्यप्रवाह** (Functional Work flow) हजयात्रा व्यवस्थापनका विभिन्न चरणका महत्त्वपूर्ण कार्यहरुको कार्यमूलक कार्यप्रवाह निम्नानुसार हुनेछ;



## हज व्यवस्थापनसँग सम्बन्धित निकाय /पदाधिकारी र मुख्य मुख्य भूमिका

### गृह मन्त्रालय

- हजयात्रुहरूको कोटा तथा व्यवस्थापन सम्बन्धमा साउदी अरब सरकारसँग सम्झौता गर्ने ।
- हज सम्बन्धी नीतिगत/कार्यविधिगत विषयहरूमा नेपाल सरकार परराष्ट्र मन्त्रालय लगायत अन्य सम्बद्ध निकायहरूमा समन्वय गर्ने ।
- सचिवालयको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।
- हजयात्रा सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन समिति / सचिवालय तथा जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयहरूलाई निर्देशन दिने ।
- समिति तथा सचिवालयबाट सम्पादन हुने गतिविधिहरू तथा हज समिति सम्बद्ध पदाधिकारीहरूले तोकिएको आचारसंहिता पालना गरे नगरेको सम्बन्धमा अनुगमन गरी निर्देशन दिने ।

### परराष्ट्र मन्त्रालय

- हजयात्रुहरूको कोटा निर्धारण, भिसा सहजीकरण, मक्का मदिनामा हजयात्रुहरूको व्यवस्थापन सम्बन्धमा दूतावास/महावाणिज्य दूतावास तथा नेपालस्थित साउदी अरब दूतावाससँग समन्वय र सहजीकरण गर्ने ।
- हजयात्रा व्यवस्थापन सम्बन्धमा मन्त्रालय तथा समिति समक्ष आवश्यक समन्वय, सहजीकरण गर्ने ।

### साउदीस्थित नेपाली दूतावास

- हजयात्रा सम्बन्धी नितिगत विषय तथा कोटा प्राप्ति सम्बन्धित विषयहरूमा साउदी अरबको रियादस्थित हज सम्बद्ध निकाय तथा पदाधिकारीहरू (Counterparts) सँग समन्वय तथा सहजीकरण गर्ने ।
- हजयात्रा व्यवस्थित बनाउने सम्बन्धमा महावाणिज्य दूतावासलाई आवश्यक निर्देशन तथा सहजीकरण गर्ने साथै हज व्यवस्थापन कार्यको अनुगमन गर्ने ।

### महावाणिज्य दूतावास, जेद्दा, साउदी अरब

- हजयात्रुहरूको भिसा व्यवस्थापनमा साउदी अरबको जेद्दास्थित हज सम्बद्ध निकाय तथा पदाधिकारीहरू (Counterparts) सँग समन्वय तथा सहजीकरण गर्ने ।
- मक्का मदिनामा हजयात्रुहरूको आवास तथा खाना,परिवहन लगायत कार्यहरूको व्यवस्थापन गर्ने ।

- हजयात्रुहरूको पथप्रदर्शक तथा धार्मिक कार्यमा सहयोगका लागि स्वयंसेवक छनोट तथा परिचालन गर्ने ।
- हजस्थल तथा समग्र हजयात्रा सम्बन्धी व्यवस्थापकीय कार्यको अनुगमन गर्ने ।
- हजयात्राको क्रममा मृत्यु हुने हजयात्रुहरूको शव व्यवस्थापन सम्बन्धमा सहजीकरण गर्ने ।
- हजयात्रा अवधिभर हज प्रतिनिधिमण्डल तथा हजयात्रुहरूको सहज सम्पर्कका लागि हटलाइन सेवा (Hotline) सञ्चालन गर्ने ।
- हजयात्रा पश्चात् सो क्रममा भएका राम्रा अभ्यास तथा सुधार गर्नुपर्ने पक्षहरू समावेश गरी दूतावासको समेत पृष्ठपोषण लिई एकीकृत प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालय मार्फत सचिवालयमा पठाउने ।
- हजयात्रा व्यवस्थापन सम्बन्धी गतिविधिहरू चुस्त, दुरुस्त, मितव्ययी र पारदर्शीरूपमा सञ्चालन गर्ने ।

**जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालय**

- हजयात्रा सम्बन्धी सूचनालाई मुस्लिम समुदायसँग सम्बन्धित सङ्घसंस्था तथा प्रतिनिधिहरूलाई समेत संलग्न गराई सूचनाको प्रचारप्रसार गर्ने, गराउने ।
- हजयात्राका लागि आवेदन दिने व्यक्तिहरूको आवेदन फारम सङ्कलन गर्ने, प्रमाणीकरण गर्ने तथा हज व्यवस्थापन सूचना प्रणाली (Haj Management Information System) मा प्रविष्टि गर्ने ।
- मुस्लिम समुदाय बाहेक अन्य अन्य समुदायका इस्लाम धर्म मान्ने व्यक्तिहरूको हकमा बेहोरा प्रमाणित गर्ने ।
- हजयात्राका लागि छनोट भएका व्यक्तिहरूको भिसा प्रक्रियाका लागि आवश्यक Biometric नमुना सङ्कलन गर्ने कार्यमा सचिवालयबाट खटिएका कर्मचारीहरूलाई सहयोग तथा समन्वय गर्ने ।
- हजयात्राका लागि छनोट भएका व्यक्तिहरूलाई COVID–19 वा यस्तै महामारीको रूपमा देखा पर्ने वा परेका विविध महामारी विरुद्ध यात्रा अगावै खोप लगाउने सम्बन्धमा जिल्ला जनस्वास्थ्य कार्यालय, सरकारी अस्पताल तथा अन्य निजी अस्पतालहरूमा समेत समन्वय गर्ने ।
- हजयात्रुको रूपमा छनोट हुन नसकेका वा छनोट भएपनि विविध कारणले यात्रा नगरेका आवेदकहरूको शुल्क रकम फिर्ता गर्ने सम्बन्धमा सिफारिस गर्ने ।

**हज प्रतिनिधिमण्डल**

नेपाल हज समिति कार्यविधि २०७२ अनुसार हजयात्रुहरूको सहजीकरणका लागि हज समितिका पदाधिकारीहरूलाई प्रतिनिधिमण्डलको रूपमा साउदी अरबको मक्का मदिनामा पठाइन्छ। हजयात्रुहरूको मक्का मदिना बसाईका क्रममा सम्पूर्ण व्यवस्थापकीय कार्यमा समन्वय र सहजीकरण गर्ने कार्यजिम्मेवारी हज प्रतिनिधिमण्डलको रहन्छ। हज प्रतिनिधिमण्डलका मुख्य कार्यजिम्मेवारी निम्नानुसार रहेका छन;

- हजयात्रीहरूलाई मक्का मदिनासम्म र पुन स्वदेश फिर्ता हुने अवधिसम्म सहजीकरण, रेखदेख, आवास, खानपान, स्वास्थ्य लगायतका विषयमा विशेष ख्याल गर्ने।
- हवाई यात्राका क्रममा अध्यागमन तथा नागरिक उड्ययनको प्रचलित नियमानुसार यात्रु तथा सामग्री चेकजाँच, लगेज क्लियरेन्स लगायतका कार्यहरूमा यात्रुहरूलाई सहयोग गर्ने तथा आवश्यकतानुसार अध्यागमन एवम् उड्ययन पदाधिकारीहरूसँग समन्वय गर्ने।
- यात्रा अवधिभर साउदी अरब सरकारले तोकेको नियम पूर्णरूपमा पालना गर्ने, होटल वा डेरामा रहँदा तोकिएको अनुशासन पूर्ण रूपमा पालना गर्ने साथै संरचनाहरूको उपयोग गर्ने सम्बन्धमा हजयात्रीहरूलाई सुसूचित गराउने।
- हजयात्रीहरूको रेखदेख गर्न तथा धार्मिक कुराहरूमा हजयात्रीहरूको पथ प्रदर्शन गर्नको लागि छनोट भएका स्वयम्सेवकहरूलाई हजयात्रीको अपेक्षा अनुसार धार्मिक जिज्ञासा पूरा हुने गरी जानकारी उपलब्ध गराउने साथै धार्मिक क्षेत्र लगायतका कार्यमा पूर्ण सहयोग गर्न परिचालन गर्ने।
- हज प्रतिनिधिमण्डल, चिकित्सक टोली तथा स्वयम् सेवकहरूको सम्पर्क स्थान र सम्पर्क नम्बर सबै हजयात्रुहरूलाई सुसूचित गराई कुनै समस्या भएमा तत्काल समाधान हुने वातावरण सिर्जना गर्ने।
- हजयात्रुहरूको लागि आवास, खाना, परिवहन लगायतका व्यवस्थापकीय कार्यहरू गर्दा कुनै मोलाहिजा नगर्ने, त्यस्ता कार्यहरू सम्पादन गर्दा कुनै लोभ लालच नगर्ने, व्यक्तिगत लाभको रूपमा उपयोग नगर्ने साथै सम्पूर्ण कार्यहरू पूर्ण पारदर्शी बनाउन सहयोग गर्ने।
- हजयात्रुहरूबाट कुनै पनि अनैतिक, गैरकानुनी कार्य हुन नदिन सदैव चनाखो रहनुपर्नेछ। कुनैपनि अपरिचित व्यक्तिहरूले दिएको खानेकुरा नखाने तथा आफूले समेत नदिने साथै वस्तु/सामग्रीहरू नलिने तथा नदिने कार्यका लागि निरन्तररूपमा हजयात्रीहरूलाई सचेत गराउने।

- हजयात्रा व्यवस्थापनका क्रममा कुनै समस्या भएमा तत्काल नेपाल हज समितिका अध्यक्ष तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्कमा रही आवश्यक सल्लाह र निर्देशन अनुसार गर्ने ।
- चिकित्सक टोलीलाई पूर्णरूपमा हजयात्रीहरूको स्वास्थ्य परीक्षणमा केन्द्रित गराउनुपर्नेछ । विशेष स्वास्थ्य समस्या भएमा साउदी अरब स्थित हज व्यवस्थापन सम्बद्ध आयोजक तथा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग तत्काल सम्पर्क गरी सल्लाह र निर्देशन अनुसार गर्ने ।
- हजयात्राका क्रममा कुनै यात्रु (हजयात्री तथा प्रतिनिधिमण्डल)को मृत्यु भएमा महावाणिज्य दूतावासका सम्पर्क अधिकृतसँग सम्पर्क गरी प्राप्तप निर्देशन तथा मृतकका परिवारसँग सम्पर्क गरी प्राप्त सल्लाह र सुझाव अनुसार गर्ने ।
- यात्रा अवधिभर धार्मिक मनले स्वयम्सेवी भावना सहित सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ ।

**चिकित्सक**

हजयात्रुहरूको मक्का मदिनाका बसाईका क्रममा सामान्य स्वास्थ्य परीक्षण तथा जटिल स्वास्थ्य अवस्थामा सम्बद्ध निकाय तथा पदाधिकारीहरूसँग समन्वय र सहजीकरण गर्ने कार्य जिम्मेवारी चिकित्सक टोलीको रहन्छ । चिकित्सक टोलीको मुख्य कार्य जिम्मेवारी निम्नानुसार रहन्छन् ;

- हजयात्राका लागि छनोट भई साउदी अरब जानका लागि आउने सबै हजयात्रीहरूको सामान्य स्वास्थ्य परीक्षण गर्नुपर्नेछ । COVID–19 वा यस्तै महामारीको रूपमा देखा पर्ने वा परेका विविध प्रकोप विरुद्ध खोप लगाए नलगाएको एकिन गरी नलगाएको भए तत्काल हज समितिका पदाधिकारीहरूसँग समन्वय गरी खोप लगाउने व्यवस्था मिलाउन सहयोग गर्ने ।
- मक्का मदिनामा हजयात्रुहरूलाई कुनै स्वास्थ्य समस्या भएमा आफूहरूलाई जानकारी गराउन सबै यात्रुहरूलाई निरन्तर सुसूचित गर्ने ।
- हजयात्रा अवधिभर यात्रुहरूको स्वास्थ्य अवस्थाको नियमित परीक्षण गर्नुपर्नेछ । विशेष परीक्षण तथा उपचार गर्नुपर्ने भएमा तत्काल हज प्रतिनिधिमण्डललाई जानकारी गराई उपचार कार्यमा सक्रिय रहने ।
- प्राथमिक स्वास्थ्य उपचारका लागि चाहिने औषधि तथा अन्य सामग्रीहरू तयारी अवस्थामा राख्ने ।

- हजयात्रुहरूले स्वस्थ खानेकुराहरू तथा शुद्ध खानेपानी प्रयोग गर्ने, सरसफाइमा विशेष ध्यान दिन सुसूचित गर्ने साथै COVID–19 तथा यस्तै अन्य महामारीबाट सुरक्षित रहन गर्नु पर्ने सावधानीका बारेमा समेत सचेत गराउने ।

**स्वयम्सेवक**

- साउदी अरबमा परिचालन हुने स्वयम्सेवकको हकमा हजयात्रुहरूको लागि मक्का मदिनामा बाटोघाटो र स्थानीय बस्तु स्थिति, परिवेशका बारेमा जानकारी गराउने, हजत्राया सम्बन्धी इतिहास तथा धार्मिक कुराहरू जानकारी गराउने ।
- नेपालमा परिचालन हुने स्वयम्सेवकको हकमा साउदी अरब उडान समय तालिका अनुसार अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुर्याउने, यात्रा अवधिमा आवश्यक पर्ने सामग्रीहरू खरिद गर्न सहयोग गर्ने तथा विदेशी मुद्रा सटहीमा सहजीकरण लगायत हजयात्रुहरूको आवश्यकतानुसार सहजीकरण गर्ने ।

# हजयात्रु छनोटका आधार

**हजयात्रु छनोट गर्दा निम्न आधार अवलम्बन गरिनेछ;**

- जिल्लागतरूपमा मुस्लिमहरूको जनसंख्या तथा हजयात्राका लागि आवेदन दिनेहरूको संख्याको अनुपात ।
- इस्लाम धर्म,परम्परा अनुसार हज गर्न सक्षम मुस्लिम नागरिकले जीवनमा एक पटक हज गर्नुपर्ने मान्यता रहेअनुसार सबैलाई समानुपातिक अवसर दिनुपर्ने हुँदा विगतमा एक पटक हजयात्रा गरिसकेको व्यक्तिलाई विशेष कारण बाहेक पुनः हजयात्राका लागि छनोट गरिने छैन ।
- आवेदकहरुमध्ये उमेरका आधारमा जेष्ठ नागरिकहरु
- विगतमा हज गर्नका लागि आवेदन दिएका तर छनोटमा नपरेका वा छनोट भएपनि विविध कारणले जान नपाएका व्यक्तिहरूले आवेदनसाथ जम्मा गरेको रकम फिर्ता नलिएको अवस्थामा यस वर्ष हजयात्रा गर्न इच्छुक भई पुन आवेदन/निवेदन दिएमा त्यस्ता व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- मानसिक र शारीरिक अवस्था ठिक भएको(स्वः घोषणा गरिनुपर्ने) ।
- नेपाली नागरिकताको प्रमाण पत्र/नाबालाक परिचय पत्र/राहदानी प्राप्त गरेको ।
- महिला आवेदकको हकमा निजको साथमा मुस्लिम परम्परा अनुसार मेहरम भई जाने निजका पति, बुवा, दाजु, भाइ, छोरा वा छोरीज्वाँइ मध्ये कुनै एक व्यक्तिको नाता खुल्ने कागजात, नेपाली नागरिकताको प्रमाण प्राप्त र राहदानी भएको ।
- ७० वर्ष वा सो भन्दा माथि उमेर भएका व्यक्तिको हकमा निजको साथमा सहयोगी जानुपर्ने भएमा मानसिक र शारीरिक अवस्था ठिक भएको नेपाली नागरिकताको प्रमाण प्राप्तद सहयोगी व्यक्तिको राहदानी भएको ।
- कुनै आवेदकका सम्बन्धमा नेपालको कुनै अदालतमा गम्भीर फौजदारी अभियोगमा मुद्दा विचाराधीन रहेको पूर्व जानकारी भएमा त्यस्ता व्यक्तिलाई हजयात्राका लागि छनोट गरिनेछैन (स्वः घोषणा गरिनुपर्ने) ।

# हज शुल्क व्यवस्थापन

हजयात्राका लागि आवश्यक शुल्क हजयात्रुहरू स्वयम्‌ले नै व्यहोर्नुपर्दछ। हजयात्रुहरूले व्यहोर्नुपर्ने शुल्क रकम नेपाल हज समितिको बैंक खातामा जम्मा गर्नुपर्दछ। उक्त कार्यका लागि सरकारबाट कुनैपनि सहायता उपलब्ध हुँदैन। केवल व्यवस्थापकीय कार्यका लागि मात्र सरकारले आवश्यक कार्यहरू गर्ने गर्दछ। हजयात्रुहरूले निम्न शीर्षकमा लाग्ने रकम स्वयम्‌ले व्यहोर्नु पर्दछ।

१. हवाई टिकट

२. साउदी अरबमा लाग्ने आवास खर्च र खाना खर्च

३. परिवहन खर्च

४. मोअल्लिम दस्तुर

५. दुर्घटना विमा शुल्क

६. साउदी अरब सरकारले तोकेअनुसारका अन्य शुल्कहरू

हजयात्रुहरूका लागि उपरोक्त अनुसार शीर्षकहरूमा लाग्ने खर्च रकम एकिन गरिसकेपछि नेपाल हज समितिले आवश्यक शुल्क रकम हजयात्रुहरूबाट संकलन गर्ने निर्णय गर्दछ। सन २०१९ को हजयात्राका लागि प्रति हजयात्रु रु. २,३०,०००।(दुई लाख तीस हजार मात्र) लागत एकिन भएको थियो। यो रकम प्रचलित बजार मूल्य अनुसार एकिन गरिने भएकोले प्रत्येक वर्षका लागि फरक फरक हुनसक्दछ।

**हजयात्राका क्रममा हुने मुख्य मुख्य खर्च व्यवस्थापन**

हजयात्रुहरूले आफ्नो लागि आवश्यक पर्ने मक्का मदिनासम्म जानआउन हवाई टिकट, मक्का मदिनामा रहँदाको खाना आवास तथा परिवहन लगायतका खर्चहरू स्वयंले व्यहोर्नु पर्दछ। हजयात्राको लागि प्रशासकीय तथा अन्य व्यवस्थापकीय खर्चहरू नेपाल हज समितिको सचिवालयबाट व्यहोर्ने गरेको छ। हजयात्रा व्यवस्थापनका लागि दुई वटा बैंक खाता रहेका छन्। नेपाल हज समितिको नाममा रहेको बैक खातामा हजयात्रुहरूबाट संकलन हुने रकम जम्मा गरिन्छ। त्यस्तैगरी हजयात्राको व्यवस्थापकीय कार्यहरूको लागि आवश्यक रकम नेपाल हज समितिको सचिवालयको नाममा रहेको बैंक खातामा नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्तई हुने गर्दछ। प्रत्येक आर्थिक वर्षका लागि तोकिएको बजेट सीमा भित्र रही नेपाल सरकार गृह मन्त्रालयबाट वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भए अनुसार नेपाल हज

समितिको सचिवालयले हज व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्दछ। हजयात्रुहरूको हवाई टिकट खरिद बाहेक हजयात्रुको लागि  मक्का मदिनामा हुने खाना आवास लगायत अन्य शीर्षकका रकमहरू साउदी अरबस्थित नेपाली महावाणिज्य दूतावास जेद्दाबाट नियमअनुसार खर्च गरिनेछ। हजयात्रुहरूबाट संकलन भएको रकम कुनै कारणबस खर्च हुन बाँकी भएमा दामासाहीले हजयात्रुहरूलाई फिर्ता गरिनेछ। हज व्यवस्थापनको लागि नेपाल हज समितिबाट हुने खर्चका मुख्य शीर्षकहरू निम्नानुसार रहन्छन् ;

क. नेपाल हज समितिका पदाधिकारीहरूको लागि सुविधाः समितिका अध्यक्षको लागि घरभाडा र विविध खर्च गृह मन्त्रालयबाट तोकेअनुसार निश्चित सुविधा मासिक रूपमा उपलब्ध गराइन्छ। साथै अन्य सदस्यहरूको लागि मासिक सुविधा हुने छैन। केवल वैठक सञ्चालनको समयमा नियमानुसार भत्ता तथा दैनिक भ्रमण भत्ता मात्र उपलव्ध गराइन्छ।

ख. हज प्रतिनिधिमण्डल  परिचालन खर्च : नेपाल हज समिति कार्यविधि २०७२ अनुसार नेपाल हज समितिका पदाधिकारीहरूलाई हज प्रतिनिधिमण्डलको रूपमा साउदी अरबको मक्का मदिनामा पठाइन्छ। सो कार्यका लागि आवश्यक दैनिक भ्रमण भत्ता, आवास भत्ता, यातायात खर्च नेपाल हज समितिको सचिवालयले व्यहोर्दछ।

ग. चिकित्सक टोली परिचालन खर्च : हजयात्रुहरूको मक्का मदिना बसाई अवधिभर (करिव ४५ दिन) सामान्य स्वास्थ्य परीक्षण गर्ने, प्राथमिक उपचार सामाग्रीहरू उपयोग गर्ने तथा कुनै जटिल स्वास्थ्य समस्या भएमा तत्काल हज आयोजक पदाधिकारीहरूसँग समन्वय गरी स्वास्थ्य उपचारमा समन्वय गर्ने कार्यका लागि २ जना मेडिकल अधिकृत र अन्य सहयोगी गरी ४ जना स्वास्थ्यकर्मीको टोली परिचालन गर्ने गरिन्छ। यसका लागि आवश्यक दैनिक भ्रमण भत्ता, आवास भत्ता, यातायात खर्च तथा प्राथमिक स्वास्थ्य सामाग्रीहरूको दायित्व नेपाल हज समितिको सचिवालयले व्यहोर्दछ।

घ. स्वम्सेवक परिचालन खर्चः हजयात्रा सम्बन्धी धार्मिक कुराहरूमा हजयात्रुहरूको पथ प्रदर्शन गर्नका लागि मक्का मदिनामा बाटोघाटो र वस्तुस्थितिका बारेमा जानकारी गराउन घटीमा एक सय हजयात्रु बराबर एक जना हुने गरी नेपाली नागरिकहरूमध्येबाट स्वयंसेवक छनोट तथा परिचालन गरिनेछ। स्वयम्सेवकका लागि आवश्यक पर्ने निर्वाह खर्च नेपाल हज समितिको सचिवालयले व्यहोर्दछ।

ङ. हजयात्रु अभिमुखीकरण : मक्का मदिनामा हुने हजयात्रा लाई व्यवस्थित बनाउन पालना गर्नुपर्ने साउदी अरब सरकारले तोकेका नियमहरूको जानकारी गराउने, अध्यागमन तथा नागरिक उड्डयन सम्बन्धी पालना गर्नुपर्ने, हवाई जहाजमा रहँदा पालना गर्नुपर्ने, धार्मिक कार्यहरू गर्दा पालना गर्नुपर्ने तथा आवास एवम् होटल क्षेत्रमा रहँदा पालना गर्नुपर्ने नियमहरूका बारेमा हजयात्रुहरूलाई अभिमुखीकरण गरिन्छ। उक्त कार्यक्रम सञ्चालन गर्दाको आर्थिक दायित्व नेपाल हज समितिको सचिवालयबाट व्यवस्थापन गरिन्छ।

च. हजयात्रुहरूको भिसा व्यवस्थापनः हजयात्रुहरूको भिसा प्राप्तिका लागि आवश्यक पर्ने Biometric स्कलन गर्ने, भिसा प्राीप्तिका लागि आवश्यक कागजात तथा प्रक्रियाहरू पूरा गर्ने कार्य नेपाल हज समितिको सचिवालयले सम्पादन गर्दछ। सो कार्यका लागि सदस्य सचिव सहितको टोली साउदी अरब भ्रमण गर्दा लाग्ने नियमानुसार खर्च समेत नेपाल हज समितिको सचिवालयले व्यहोर्ने गर्दछ।

छ. अन्यः हजयात्रा व्यवस्थापन सम्बन्धमा अन्तरक्रिया सञ्चालन गर्ने, Documentary निर्माण गर्ने, विभिन्न जानकारीमूलक पुस्तिकाहरू प्रकाशन गर्ने, हजयात्रुहरूबाट सन्तुष्टि सर्वेक्षण गर्ने, हजयात्रुहरूको लागि विमा गर्ने लगायतका कार्यहरू नेपाल हज समितिको सचिवालयले सम्पादन गर्दछ। यस कार्यका लागि आवश्यक रकम नेपाल हज समितिको सचिवालयले व्यवस्थापन गर्दछ।

# Hajj Management;

# Context of Nepal

Government of Nepal

Ministry of Home Affairs

## Secretariat of Nepal Hajj Committee

Singhadurbar, Kathmandu

# Contents


| | |
|---|---|
| Introduction | 1 |
| Nepal Hajj Committee and Its Responsibility | 3 |
| Secretariat of Nepal Hajj Committee and its Responsibility | 5 |
| Hajj Management | 7 |
| Hajj Authorities and their Responsibilities | 10 |
| Selection criteria of Hajj Pilgrims | 17 |
| Hajj Fund Management | 16 |

# Introduction

## Hajj

